# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## सूचना

यस बैंकमा रिक्त रहेको देहायका पदको लागि निम्नलिखित योग्यता पुगेका उम्मेदवारहरुको आवश्यकता परेकोले देहायमा उल्लिखित शर्तमा रही कार्य गर्न इच्छुक योग्य नेपाली नागरिकहरुवाट आफुले प्राप्त गरेको अनुमति पत्र/योग्यता र अन्य सम्पूर्ण प्रमाणपत्र तथा उमेर खुल्ने नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो संलग्न गरी यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, वालुवाटार काठमाण्डौंमा तथा काठमाण्डौं बाहिरका कार्यालयहरुको हकमा जिल्लास्थित कार्यालयमा २०७५ साल असार ०७ गते देखि २०७५ साल असार २१ गते बिहीवारका दिन कार्यालय समय भित्र आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ । रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुनेछैन । उक्त कार्यको लागि आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

| सि. नं. | पद | कार्यालय | आवश्यक पद संख्या | करार सेवा अवधि | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | डिस्पेन्सरी (करार) | केन्द्रीय कार्यालय | १ | ६ महिना | अनमी, स्टाफ नर्स अथवा डिप्लोमा फार्मेसी गरी कुनै संगठित संस्थामा ५ वर्षको कार्यानुभव भएको । |
| २. | चालक (करार) | केन्द्रीय कार्यालय | ४ | | नेपाल राष्ट्र बैंक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सरकारी सेवामा कम्तीमा १५ वर्षको चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको । |
| | | पोखरा कार्यालय | १ | | |
| | | बीरगंज कार्यालय | १ | | |
| ३. | सिक्का मुद्रण मेकानिक्स (करार) | केन्द्रीय कार्यालय | ४ | | सिक्का मुद्रण/टकमरी सम्बन्धी कम्तिमा १५ वर्षको कार्यानुभव प्राप्त गरेको वा मेकानिकल इन्जिनियरिंग विषयमा डिप्लोमा गरी सम्बन्धित क्षेत्रमा काम गरेको । |

१. **उम्मेदवारको छनौट विधि :** प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षाबाट ।

२. **उम्मेदवारको उमेर :** डिस्पेन्सरी र चालक पदको लागि दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष पुरा भई ५५ वर्ष ननाघेको तथा सिक्का मुद्रण मेकानिक्सको लागि ४५ वर्ष पुरा भई ५८ वर्ष ननाघेको हुनु पर्नेछ ।

३. **प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिका दिन यस बैंकको केन्द्रीय कार्यालय, वालुवाटार तथा जिल्लास्थित कार्यालयमा प्रकाशित गरिनेछ ।

४. **सम्पर्क मिति र स्थान :** २०७५ साल साउन ४ गते शुक्रवारका दिन । केन्द्रीय कार्यालयको लागि दरखास्त पेश गर्नु हुने उम्मेदवारले जनशक्ति व्यवस्थापन विभाग वालुवाटारमा र पोखरा तथा बीरगंज कार्यालयको लागि दरखास्त पेश गर्नु हुने उम्मेदवारले क्रमशः पोखरा तथा बीरगंज कार्यालयमा ।

५. **पारिश्रमिक तथा अन्य सुविधा :** डिस्पेन्सरीको मासिक पारिश्रमिक रु.२७,३००।- चालकको मासिक पारीश्रमिक रु.२०,०००।- र सिक्का मुद्रण मेकानिक्सको मासिक पारिश्रमिक रु.१९,३६०।- तथा अन्य सुविधा दुवै पक्षवीच हुने करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

६. **सेवा सम्बन्धी शर्त :** दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

७. **दरखास्त फाराम :** दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग तथा जिल्ला स्थित कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यो सूचना तथा दरखास्त फाराम यस बैंकको website: www.org.np, career @ NRB मा राखिएको छ ।

८. **दरखास्त दस्तुर :** दरखास्त दस्तुर रु.३००।- यस बैंकको बैंकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनुपर्नेछ ।

..........................................

(इन्द्रा चम्लागाई)

उप निर्देशक एवं सदस्य सचिव पदपूर्ति उपसमिति

मिति : २०७५/०३/०६

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौं

पासपोर्ट
साइजको फोटो
(फोटो र फरमा पर्ने
गरी उम्मेदवारले
दस्तखत गर्नु पर्नेछ)

**महोदय,**

त्यस विभागको मिति २०७५/...../..... को सूचना अनुसार देहायबमोजिमको कागजातहरु संलग्न गरी ............................(करार) पदको लागि दरखास्त पेश गरेको छु ।

**उम्मेदवारको नाम, थर :-**

**जन्म मिति :-**

**बावुको नाम, थर :-**

**बाजेको नाम, थर :-**

**स्थायी ठेगाना :-**

जिल्ला :- गा.वि.स./नगरपालिका :- वडा नं. :-

मोबाइल नं. :-

**संलग्न कागजातहरु :-**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्र
३. पेन्सन पट्टाको प्रतिलिपी
४. दरखास्त दस्तुर बुझाएको भौचर
५. ..........................................सम्बन्धी......बर्षको कार्य अनुभव (अनुभव खुल्ने कागजातको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने) :

| सि.नं. | पद | कार्य गरेको संस्था | मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.........................
निवेदकको दस्तखत
मिति :

## नेपाल राष्ट्र बैंक
### जनशक्ति व्यवस्थापन विभाग
### करार ............ पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
### प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ ।

.....................................................................


## नेपाल राष्ट्र बैंक
### जनशक्ति व्यवस्थापन विभाग
### करार ............ पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
### प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ ।